नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

मितिः २०८३/०३/३१

## प्रेस विज्ञप्ति

नेपाल - भारत ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (Joint Steering Committee, JSC) को १३ औं बैठक नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री सरिता दवाडी तथा भारत सरकारको विद्युत मन्त्रालयका सचिव श्री पंकज अग्रवालको सहअध्यक्षतामा मिति २०८३ असार ३१ गते (१५ जुलाई २०२६) पोखरा, नेपालमा सम्पन्न भयो। उक्त बैठकले मिति २०८३ असार ३० गते (१४ जुलाई २०२६) सोही स्थानमा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका सहसचिव श्री सन्दीप कुमार देव र भारतका विद्युत मन्त्रालयका सहसचिव (प्रशारण) श्री पंकज कुमारको सहअध्यक्षतामा सम्पन्न भएको सहसचिवस्तरीय संयुक्त कार्यदल (Joint Working Group, JWG) को बैठकले गरेका सिफारिसहरुमा छलफल गर्यो । उक्त बैठकमा नेपाल-भारत बीचको मौजुदा विद्युत प्रसारण लाइनहरु, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरु, भारतीय लगानीका विभिन्न जलविद्युत आयोजनाहरु तथा सम्बद्ध प्रसारण लाइन आयोजना, अन्तर्देशीय विद्युत आयात-निर्यात लगायतका विषयहरुमा छलफल भई मुख्यतया देहाय बमोजिम सहमति भएको छः

१. हाल सञ्चालनमा रहेको ढल्केवर-मुजफ्फरपुर ४०० किलोभोल्ट अन्तर्देशीय प्रसारण लाइनबाट हुने विद्युत आयात-निर्यातको परिमाण १००० मेगावाटको समिक्षा गर्दै संयुक्त प्राविधिक टोली (JTT) ले गरेको अध्ययन अनुसार ढल्केवर-मुजफ्फरपुर र ढल्केवर-सीतामढी ४०० के.भी. प्रसारण लाइनहरुबाट हुने संयुक्त विद्युत प्रवाह (Combined Power Transfer) को क्षमता आयाततर्फ १००० मेगावाटबाट १४०० मेगावाट र निर्याततर्फ ११०० मेगावाटबाट १६५० मेगावाट पुऱ्याउने सहमति भयो।
२. चमेलिया (नेपाल) - जौलजीवी (भारत) २२० किलोभोल्ट डबल सर्किट प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत गरियो। यस आयोजनालाई डिसेम्बर २०२८ सम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।
३. नेपाल-भारत बीच इनरूवा - न्यु पुर्निया र दोदोधरा (न्यू लम्की) - बरेली ४०० किलोभोल्ट क्षमताका अन्तरदेशीय प्रसारण लाइनहरुको निर्माणका लागि नेपाल विद्युत प्राधिकरण र पावर ग्रिड कर्पोरेशन अफ इन्डियाबीच शेयरधनी सम्झौता (SHA) र संयुक्त उपक्रम (JV) सम्झौता सम्पन्न भइसकेको र यी आयोजनाहरुका निर्माण कार्य अगाडी बढाउन संयुक्त उपक्रम कम्पनी स्थापना गर्ने प्रक्रियालाई तीव्रता दिने।
४. सन् २०३४-३५ सम्मका लागि नेपालबाट थप विद्युत भारत निर्यात गर्नका लागि आवश्यक अन्तरदेशीय प्रसारण लाइनहरुको हकमा देहाय महोजिमको निर्णय भयो:
   क) मोतिहारी (भारत) - निजगढ (नेपाल) ४०० के.भी. डबल सर्किट प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदनलाई स्वीकृत गरियो।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

ख) मुजफ्फरपुर (भारत) - ढल्केवर (नेपाल) ४०० के.भी. प्रसारण लाइनमा HTLS कन्डक्टर प्रयोग गरी क्षमता विस्तार (Reconductoring) गर्ने कार्य सम्बन्धी विस्तृत आयोजना प्रतिवेदनलाई स्वीकृत गरियो।

ग) लखनउ (भारत) - कोहलपुर/लम्ही (नेपाल) ४०० के.भी. प्रसारण लाइनको हकमा थप प्राविधिक अध्ययन गरी टुङ्गो लगाउने सहमति भयो।

५. नयाँ बुटवल - गोरखपुर ४०० किलोभोल्ट अन्तरदेशीय प्रसारण लाइनको नेपाल खण्डको निर्माण कार्य अगस्ट २०२६ सम्म सम्पन्न हुने र नयाँ बुटवल सबस्टेशनको ४०० के.भी. निर्माण कार्य डिसेम्बर २०२७ सम्म सम्पन्न हुने देखिएकाले सो समयसम्मका लागि यस प्रसारण लाइनलाई २२० किलोभोल्टमा सञ्चालन गर्ने प्राविधिक सहमति भयो। उक्त प्रशारण लाइन उपयोग गरी १३० मेगावाट सम्म विद्युत आयात गर्न सकिने र २०० मेगावाट सम्म विद्युत निर्यात गर्न सकिने गरी निर्माण कार्य अगाडी बढाउन सहमति भयो ।

सन् २०१४ मा सम्पन्न नेपाल भारत विद्युत व्यापार सम्झौताको दफा ५ मा भएको व्यवस्था अनुसार सम्झौता कार्यान्वयन पक्षलाई सहजीकरण, निर्देशन एवं यस सम्बन्धमा हुने प्रगतिको अनुगमन गर्न गठित सचिवस्तरीय समिति (Joint Steering Committee, JSC) तथा सहसचिवस्तरीय कार्यदल (Joint Working Group, JWG) गठन गरिएको थियो।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता